# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ वैशाख २०८२

# आइतवार

# बैठक सङ्ख्या- ०७ (दोस्रो)

(१४:४७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, २० मिनेटपछि बस्ने गरि स्थगित भएको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, अब म नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूका सम्बन्धमा जवाफ दिन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई समय उपलब्ध गराउँछु ।

(१४:४८ बजे) **सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली** :- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपति ज्यूबाट विक्रम संवत् २०८२ साल वैशाख १९ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि नेपाल सरकारको तर्फबाट म सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।सरकारको प्रस्तुत नीति तथा कार्यक्रमको सम्बन्धमा माननीय सांसदज्यूहरूले अत्यन्तै रुचीसाथ सक्रियतापूर्वक सहभागिता जनाएर टिप्पणी गर्नुभएको छलफलमा सहभागी हुनुभएकोमा र विभिन्न सुझावहरू प्रस्तुत गर्नुभएकोमा धन्यवाद दिन चहान्छु।हामी सबैलाई थाहा छ।अहिलेको सरकार नेपालको राजनीतिका दुई लामो समयदेखि योगदान गरेका, बलिदान दिएका, सङ्घर्ष गरेका र नेपाली राजनीतिलाई परिवर्तनको एउटा बाटो दिएर यहाँसम्म ल्याई पुऱ्याएका प्रमुख राजनीतिक पार्टीहरूको संयुक्त सरकार हो यो सरकार | यो सरकार बन्दा नै यसले परिस्थितिको यथार्थ आँकलन गरेर देशलाई सुशासनमा फर्काउन र विकासको गतिलाई तीव्रता दिन सातवटा

महत्त्वपूर्ण बुँदाहरूमा सहमति गरेर यो सरकार बनेको थियो। र यसले समाजमा शान्ति सुव्यवस्था कायम हुने, कायम गर्ने र विकासको कामलाई तीव्रता दिनुपर्ने आजको आवश्यकता जनतामा भड्काउन खोजिएको असन्तुष्टि, देशमा मच्चाउन खोजिएको अराजकता स्वतन्त्रका नाममा सामाजिक सञ्जाल लगायत मार्फत गरीएको हाम्रो संस्कृति माथिको हमला जस्ता कुराहरूलाई ध्यानमा राखेर राष्ट्रियता नै कमजोर हुने अवस्थालाई सही बाटोतर्फ फर्काएर देशलाई एउटा सार्वभौमसत्ता सम्पन्न स्वाधीन स्वातन्त्र भौगोलिक अखण्डता अक्षुण रहेको राष्ट्रिय हितहरूको जगेर्ना गर्नसक्ने राष्ट्रको रुपमा उभ्याउन पर्ने आवश्यकतालाई ध्यानमा राखेर र त्यसैगरी समाजका अन्य पक्षहरू हामीले जुन प्रणाली स्थापना गऱ्यौं, जुन व्यवस्था ल्यायौ र त्यस व्यवस्थालाई कार्यान्वयन गर्दै समाजमा रहेको गरिबी र पछौटेपन हटाउने सङ्कल्प साथ संविधान जारी गऱ्यौं र संविधानले सामाजिक न्याय र समानताको प्रत्याभूति गऱ्यो। मौलिक हकहरू सुनिश्चित गऱ्यौं र राज्यका निर्देशक सिद्धान्त र नीतिहरू के हुन ति पनि निर्दिष्ट गऱ्यौं। यी सबै कुराहरूलाई ध्यानमा राखेर राष्ट्रको आजको आवश्यकता यीनलाई सम्बोधन गर्ने हो र स्थिरता र स्थायित्वविना यीनलाई सम्बोधन गर्न सकिदैन भनेर यो सरकार आएको हो। स्थिरता र स्थाइत्वविना न यस्ता महत्त्वपूर्ण विषयलाई सम्बोधन गर्न सकिन्छ न त सुशासन र विकासको गतिलाई अगाडि बढाउन सकिन्छ तसर्थ अहिलेको सरकार बनाउनै पर्ने आवश्यकता पऱ्यो र यो बन्यो। अघि मैले भनेका संवैधानिक व्यवस्थाहरू समेत नेपाली समाजका आवश्यकता, नेपाली जनताका आकाङ्क्षा समेतलाई सम्बोधन गर्न अब आगामी आर्थिक वर्षमा हामी कस्ता नीतिका साथ, कस्ता कार्यक्रमका साथ अगाडि बढछौ, कस्ता योजनाका साथ अगाडि बढाकछौ, कुन कार्यशैलीका साथ अगाडि बढछौ भन्ने कुरा नयाँ ढाँचाले मुख्य रुपमा यी दुईटा दल र अरु सत्ता साझेदार दलहरू समेतसँग गम्भीर परामर्श गरेर, छलफल गरेर यो नीति तथा कार्यक्रम आएको हो, प्रस्तुत भएको हो। यसमा तिनै भावनाहरू समयको आवश्यकता, संविधानको मार्गदर्शन लगायतका पक्षहरू र जनताका आकाङ्क्षाहरूलाई सम्बोधन गर्नेगरी प्रभावकारी ढङ्गले सम्बोधन गर्नेगरी यो नीति तथा कार्यक्रम आएको हो। यस् कार्यक्रमले जनतामा रहेको अथवा जनतामा फैलाउन खोजिएको बलजफती फैलाउन खोजिएको निराशा यत्रो विकास भएको छ तर केही विकास नै भएको छैन व्यवस्थामा परिवर्तन भयो अवस्थामा परिवर्तन भको छैन भन्ने एउटा हुइयाँ चलाईयाछ। सञ्चार माध्यमहरू र सामाजिक सञ्जालहरूको र त्यसमा पनि खास गरी सामाजिक सञ्जालहरूको भद्दा ढङ्गले दुरुपयोग गरेर वातावरणलाई बिथोल्ने कोशिस गरिएको छ। समाजमा अराजकतालाई राजनीतिक आचरणको रुपमा स्थापना खोजिएको छ। लोकतन्त्रलाई अस्वीकार गर्ने र हजारौं वर्ष पुरानो थोत्रो मक्किएको राजतन्त्रात्मक प्रणाली जो ढल्यो जनताले विस्थापित गऱ्यो त्यसको पक्षमा खुलेआम वकालत गर्ने मात्रै होइन कि त्यसका निम्ति जे पनि गर्ने।

आगजनी, हत्याकाण्ड, तोडफोड, ढुङ्गामुढा, पार्टी कार्यलयहरूमा तोडफोड आगजनी, व्यक्तिका घरहरू, नेताहरुका घरहरूमा आक्रमणदेखि लिएर अनेक प्रकारका अझ त्यहाँ चेष्टा त अज धेरै प्रकारका थिए।उद्घोषण धेरै प्रकारका थिए।यसो गर्छौं, उसो गर्छौं भन्ने थिए।त्यसखालको अवस्थाबाट सरकारलाई तेजोवध गर्न खोज्ने।सरकारलाई विस्थापित गर्न खोज्ने।प्रणालीलाई ढाल्न फाल्न खोज्ने। त्यसप्रकारका प्रयासहरूलाई एउटा राजनीतिक आचरणको रुपमा स्थापना गर्न खोज्ने दुष्प्रयास भइरहेका थिए।यस्तो अवस्थामा यो नीति कार्यक्रम आएको छ।र यो अवश्यनै स्थिरता स्थायित्वका लागी, सुशासन र विकासका लागी, सामाजिक न्याय र समानताका लागी र सुशासन र विकास यथार्थमा पारदर्शी ढङ्गले र तीव्र विकासको बाटोमा अगाडि लाने गरी नयाँ नीति, नयाँ तरिका, नयाँ शैली, नयाँ संस्कृतिका साथ अगाडि बढाउने गरी यो आएको छ।अलिकति छोटो आयो आलोचना हुन सक्छ।लामो किन चाहियो छोटो नीति कार्यक्रम लामो चाहिया होर? नीति कार्यक्रम त बाह्र हजार शब्दका ठाउँमा पचपन्न सय शब्द वा त्यसको सेरोफेरो त्यो भन्दा कममा ल्याईएको छ।पढ्नै गाह्रो पर्नेगरी यो पनि त्यहा त्यो पनि त्यहा खोज्दा नभेटिने हनुमानले बोकेको जडीबुटीको चाङ जस्तो कुन चाहिँ हो जडीबुटी।जडीबुटी मात्रै बोकेर आए भईगो नि।त्यसकारण सबै स्वरसार स्वर फटार गर्नु पर्दैन नीति कार्यक्रममा यसकारण हामीले यसलाई छोट्याएका छौं।अझ छोटो गर्न सकिन्छ आगामी वर्षहरूमा त्यसलाई अझ संक्षिप्तिकरण अझ खदिलो र येस्ले indication गर्ने हो।political policy को र program indication गर्ने हो।बाँकी कुरा बजेटको program आदिमा आउने हो।कतिपय साथीहरूले पुरानै कुरा दोहोऱ्यो भन्नुभो मैले केही ठाउँहरूमा अस्ति अस्ति पनि भन्ने गर्यांथिए।कुनै पनि नीति कार्यक्रममा एउटा पनि पहिल्यै नबोलिएको नयाँ शब्द छैन।कतै प्रयोग नभएको नयाँ शब्द कही छैन पहिल्यै प्रयोग भइसकेका शब्दहरू छन्।कतिपय वाक्यहरू पनि अब पहिले प्रयोग भइसकेका वाक्यहरू छन्।वहसको क्रममा आज मात्रै पनि माननीयज्यूले भन्नुभाथ्यो ए बाबा पुरानै दोहोरियो भने त राम्रै भो त के बिग्रियो माननीयज्यूले शब्दावलीको कुरा गर्नुभाको थियो।के बिग्रियो त पुरानै आयो भनि पनि राम्रै भो नि।ठिकै थियो भने पुरानै आयो।पुरानो कुनै दोहोरिनै हुँदैन।पुरानो किन दोहोरिदैन।बन्दै गरेको बाटो बनिसक्या छैन त्यो बाटो complete गर्छु भन्नु परेन ? खानेपानी आयोजना पुरा भइसक्या छैन त्यसलाई पुरा गर्छु भन्नु परेन ? पुरानै आउछ, कार्यक्रम पनि आउछ, नीति पनि आउछ।समानताको नीति भनेका छौं हामीले त्यो पुरा भइसक्या छैन भनि त्यो आउछ तसर्थ र सामाजिक न्याय र समानता यहाँ यो जातको नाम उच्चारण भएन, त्यो जातको नाम उच्चारण भएन, १२५ जातको नाम उच्चारण भएन भनेर।अघि मैले प्रतिनिधि सभामा बोल्दा पनि भने सुरु गर्दै बहस माथि सुरु गर्दै एकजना नेताले त्यहाँ कमसेकम १०/१५ वटा जातको नाम लिनुभो १२५ नै जातजातिको उच्चारण गर्ने र सरकारले यी सबैलाइ छोड्या

थियो र मैले भने भन्न खोज्नु भाकोथियो होला १०/१५ वटा जातजातिका कुरा गरिसकेपछि उहाँ अलमलिनु भो उहाँले भन्न सक्नुभएन छोड्दिनुभयो। मैले पनि आरोप लगाउन सक्ने भए।१५ वटा मात्रै जाति छ १२५ भएका ठाउँमा किन अरु छोडियो ? मैले पनि आरोप लगाउन सक्ने भए किन छोडेको ? यो सबै जातको नाम उल्लेख गर्ने त होइन नि त यो नीति कार्यक्रममा नीति कार्यक्रममा पो दिने हो त। समानताको नीति कार्यक्रम दिने हो जातका नामहरू उल्लेख उच्चारण गर्ने होइन। सबै जाति, सबै धर्म, सबै भाषाभाषीका जनता, सबै क्षेत्रमा वासोवास गर्ने, सबै पेशा व्यवसाय अपनाउने जनता सबैका लागि यो नीति कार्यक्रम हो। सबैका निम्ति समानता सबैका निम्ति विकास यस नीति कार्यक्रमको उद्देश्य हो तसर्थ म आग्रह गर्न चाहन्छु। यसलाई त्यसै गरेर बुझ्न र त्यसैगरी यसलाई अपनाउन म आग्रह गर्न चाहन्छु। यो कार्यक्रम स्पष्टतः लोकतन्त्रको पक्षमा छ। स्पष्टतः संविधानको पक्षमा छ र सँगसँगै नेपाली काँग्रेस र हाम्रोबिचमा भएको सात बुँदेको कुरा गरे मैले दोस्रो बुँदामा संविधान संशोधन भनिएको छ भने संविधान संशोधनको कुरा पनि त्यसमा छ तर त्यसको समिक्षा गरेर जहाँ आवश्यक हुन्छ सहमतिका आधारमा त्यो पनि हामी सहमति खोज्छौ सहमतिमा संविधान संशोधन गर्न खोज्छौ कहाँ कहाँ गर्ने भन्ने कुरा मेरो इच्छा लाग्ने होइन। हामी सरकारमा भएका पार्टीहरूको इच्छा लाग्ने होइन। सबैको इच्छा के छ बुझेर, सहमति खोजेर यसलाई संशोधन गर्न खोज्छौ। दुई पल्ट हामीले संविधान संशोधन गरिसक्यौ। पहिलो पल्ट संविधान संशोधन गर्दा एक दुई जना साथीहरूको अलिकति असहमति थियो कि ? तर दोस्रो पल्ट सर्वसम्मतिले संविधान संशोधन भएको थियो। सर्वसम्मतिले संविधान संशोधन हुनसक्दैन भन्ने छैन। हामीले अभ्यास गरेर हेऱ्या छौ। संविधान संशोधन दोस्रो पल्ट संशोधन सर्वसम्मतिले भएको थियो। त्यसकारण सर्वसम्मतिले हुन सक्छ र हामीले यो अविच्छिन्न उत्तराधिकारवाला संस्था भएको हुनाले कतिपय कुराहरू जिम्मा पनि लिनुपर्छ अघिल्लो सरकारले गरेका र त्यसै अनुसार कतिपय पुराना कुराहरू पनि आएका हुन सक्छन राम्रा कुराहरू र त्यसलाई पुनः मुल्याङ्कन गरेर पुनः प्राथमिकता तोकेर अगाडी बढाइने कुरा हामीले भनेका छौ। कतिपय माननीयज्यूहरूले पहिलेको यो खोइ त्यो खोइ जस्ता कुराहरू पनि उठाउनु भएको छ। त्यसमा स्वभाविकको हो। मैले अघि भने यो केमा आधारित छ ? पहिलेको दस्तावेज हेरेर सारेको होइन। सार्न जरुरी छैन। छुट्छन कतिपय। नीति पहिलेकै निरन्तरता दिन जरुरी छैन। हाम्रो आवश्यकता आजको के हो त्यस अनुसारका नीति त्यस अनुसारका कार्यक्रम हामीले लिने हो त्यस अनुसारका शैली त्यस अनुसारको संस्कृति त्यो लिने हो। यस रुपमा पनि बुझिदिन म। र पहिले मैले बोलेको थिए यो सरकार बनाउदै गर्दा पनि मैले बोलेको थिए र अझ मैले सम्बोधन गरेका बखत गत वर्षको साउन ६ गते मैले बोलेको थिए। parliament मै बोलेको थिए। जहिले पनि काम भैरहेको चाहिँ हुने तर कहिले नसकिने work in progress यस्तो खालको

अवस्थालाई हामी अन्त्य गर्छौं र काम थालेपछि सकिनु पर्दछ काम सक्नुपर्दछ। त्यसकारण यसपल्टको बजेटमा नीतिमा कार्यक्रममा सबै कुरामा हाम्रो जोड केमा रहनेछ भने यस वर्ष कुनकुन काम सक्न सक्छौ। त्यसमा फोकस गर्ने र त्यसलाई सिध्याउने। यो संसदको कार्यकाल भित्र भनेको प्रतिनिधि सभाको कार्यकाल खास गरि यहाहरूको त कार्यकाल निरन्तर हुन्छ चिरन्जीवी हुनुहुन्छ। हाम्रो चाहिँ कार्यकालभित्र सक्ने खालका कामहरूलाई प्राथमिकताका साथ अगाडी राख्छौ। त्यसकारण यो work in progress मात्रै होइन हामीले काम complete गऱ्यौ पुरा गऱ्यौ भन्ने तरिकाका साथ अगाडि बढाउछौ। हामिले यसपल्ट सरकार बन्दा नै थालेको काम सक्ने घोषित नीति लिएका थियौ र त्यस अनुसारनै आयोजनाको पुनरावलोकन गर्ने र चालु परियोजनाहरूलाई आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न हुने र प्रतिनिधि सभाको यस अवधि भित्र सम्पन्न हुने यसमा हामीले जोड दिएका छौ। हामीले स्रोतको आँकलन गरेर परियोजना सञ्चालन सम्भव छ कि छैन त्यसलाई स्थगन गर्नुपर्ने हो कि त्रुटपूर्ण परियोजनाहरू छन् भने खारेज गर्नुपर्ने हो कि त्यो समेत गर्ने नयाँ नीति तजुर्मा गरेका छौ। यसभित्र एउटा political आग्रह मन्त्रीका क्षेत्रमा काम हुने अरुका क्षेत्रमा नहुने जसको डाडु पन्यु उसकै भागमा बेसरी पर्ने यो खालका परिपाटीहरूलाई अन्त्य गर्नुपर्छ भनेर बजेट निर्माण गर्ने सन्दर्भमा पनि हामीले जोड दिएका छौ। पुँजीको राम्ररी प्रयोग हुन सकेन भनेर पुँजीगत खर्चमा राम्ररी काम हुन सकेन भन्ने यो आजको गुनासो होइन आज पनि त्यो गुनासो कायमै छ। यसलाई अन्त्य गर्ने दिशामा र पुँजीगत खर्चलाई तीव्रताका साथ बढाउने यो नीतिका साथ हामी अगाडि बढिरहेका छौ । पूर्वाधार विकासका नयाँ परियोजना बनाउदा खेरि सम्भाव्यता जोखिम र प्रतिफलको लेखाजोखा जस्ता stakeholder को चासो र पुँजीको प्रतिबद्धता व्यक्त गर्न नगद प्रवाह जोखिम न्यूनीकरण र कानुनी सुरक्षा जस्ता लगानीकर्ता ऋणदाताका चासा समेटिएका business planहरू अन्तर्गत त्यो विकास गर्दै गर्ने नयाँ नीति लिएको छ।

Startup अर्थात् entrepreneurship को कुनै पनि फिल्डमा उद्यमशीलता सुरु गर्दा व्यवसाय सुरु गरिदेखि बजारसम्मको चक्रलाई व्यवसायको eco system लाई ख्याल गरेर अगाडि बढाइने नयाँ नीति लिइएको छ। प्रधानमन्त्री कृषि आधुनिकरण कार्यक्रमको पुनर्संरचना गरेर व्यवसायमा आउनेलाई भूमि बैंक वित्त उपकरण तथा अन्य इन्पुट बाली बिमाको व्यवस्थापन त्यसको समर्थन मूल्य कृषि उपजको अग्रिम खरिद सम्झौता बजार व्यवस्थापन आदि कुराहरुलाई र भण्डारणको चक्र आदि कुराहरूलाई हामीले चक्र निर्माण गर्ने नीतिलाई अगाडि सारेर अघि बढिरहेका छौं। मल विद्युत र अन्य पुँजीगत अनुदानको पुन व्यवस्थापन गरिनेछ र अहिलेको जुन अलि स्रोतको दुरुपयोग भइरहेको स्थितिलाई रोक्ने अपव्यय हुने स्थितिलाई रोक्ने भन्ने कुरा मा ध्यान दिएको छ भन्ने कुरा म माननीयज्यूहरूलाई

स्पष्ट पार्न चाहन्छु। नीति कार्यक्रममा कुनै प्रकारको अन्योल छैन। कृषि तथा वन सूचना तथा प्रविधि पर्यटन उर्जा उद्योग र भौतिक पूर्वाधारलाई मुख्य क्षेत्र तोकिएको छ।र startup का कार्यक्रमको focus विधाको हिसाबले जुनसुकै हुन सक्ने र पुस्ताको हिसाबले आजको तन्नेरी पुस्ता अथवा जेन्जी पुस्तालाई फोकस गरेर हामीले कामलाई अगाडि बढाएका छौं।त्यो नीति अगाडि सारिएको छ।तदनुसार नै यस नीति तथा कार्यक्रमलाई बुझिदिनका लागि म माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु। सरकारका निकायहरूबाट सञ्चालित कार्यक्रमहरू उद्यमशीलताको विकास पहिलो कुरो उत्पादन उत्पादकत्व र रोजगारीको सिर्जनामा केन्द्रित गर्ने जसले अर्थतन्त्रमा परिवर्तन ल्याउँछ।र तिन तहका सरकारहरूबीचको सहयोग समन्वय र सहकार्यमा कृषिको व्यवसायिकीकरण र पूर्वाधार निर्माण गर्ने नीति प्रस्ताव गरिएको छ।यो नीति कार्यक्रममा त्यो माननीय ज्यूहरूलाई थाहा छ। अब स्थानीय तहदेखि केन्द्रसम्म सरकारी सेवामा इन्टर्न प्रयोग गर्ने।स्नातक तहभन्दा माथिका विद्यार्थीहरूलाई विभिन्न अनुसन्धान संस्थामा आबद्ध गर्ने।हप्तामा बढीमा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरेर कमाउँदै पढ्दैको नीति लागु गर्ने।यसरी यी नयाँ नीतिहरू ल्याइएको छ हामीले यी सबै नयाँ नीतिहरू हुन। शिक्षालाई सर्वसुलभ गुणस्तरीय र जीवन उपयोगी बनाउने नीति अगाडि सारिएको छ। शैक्षिक सुधार कार्यक्रम अन्तर्गत।र वर्तमान शिक्षा पद्धतिलाई आधुनिक विज्ञान प्रविधि मैत्री र अनुसन्धान अन्वेषण लक्षित बनाइनेछ। उता अलि लामो बोलेको हुनाले आवाज अलि कम भएको छ घटेको छ।शिक्षामा ग्रेडिङ प्रणाली लागु गरेर सुधार गर्ने नीति पनि अपनाइएको छ। लो ग्रेडिङलाई रोजगारी मैत्री र प्राविधिक व्यवसायिक शिक्षातर्फ र उच्च ग्रेडिङलाई उच्च शिक्षातर्फ अग्रसर गराउने प्रस्तावित नीतिले शिक्षालाई उद्दमशीलता मैत्री बनाउने छ।श्रम क्षेत्रमा रहेको सिपयुक्त श्रम शक्तिको अभाव र सिपयुक्त श्रमशक्ति जगडा गर्ने अवस्थाको अन्त्य गर्नेछ। यसका लागि हालसम्मको पाठ्यक्रम सिकाइ र अध्यापन विधामा व्यापक सुधार गरिनेछ। शिक्षक बैंक स्थापना थिङक् टय्याङ्क संस्थाहरूको समन्वय तथा सञ्चालन र उद्यमशीलताको माध्यमद्वारा आन्तरिक रोजगारी सृजना गरेर आयआर्जनका अवसर वृद्धि गर्ने नीति निःसन्देह नयाँ हो। यस्ता नयाँ नीतिहरू हामीले ल्याएका छौं।संघ प्रदेश र स्थानीय तहबीच दोहोरो हटाउन एकीकृत परियोजना बैंक प्रणाली यो विकास कार्यक्रमहरुमा लागू गर्ने प्रस्तावित नीति यस अनुसार नै छ। यसबाट संविधानमा उल्लेखित संघ प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीका विकास कार्यक्रमहरू समन्वयत्मक रूपमा कार्यान्वयन गर्ने वातावरण बन्छ।जनसंख्या भूगोल र रोगको भारको आधारमा नयाँ स्वास्थ्य प्रणालीको प्रस्तावले स्वास्थ्य सेवालाई सुलभ र पहुँचयोग्य तुल्याउनेछ। यसले स्वास्थ्य पूर्वाधार विस्तारसँगै सेवा प्रदायक अस्पताल चिकित्सक स्वास्थ्य जनशक्ति उपकरण र सेवाग्राहीबीच रहेको असन्तुलन हटाउने छ।सबै सार्वजनिक अस्पतालहरूलाई एकीकृत अनलाइन सेवामा आबद्ध गर्ने स्वास्थ्यसम्बन्धी सबै सहायता र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत स्वास्थ्य बिमा प्रणालीमा गर्ने नीतिले पुनर्संरचना गरिने स्वास्थ्य बिमा

कार्यक्रमलाई दिगो बनाइनेछ। यहाँनेरी स्वास्थ्य बिमाको अहिले जुन कार्यक्रम छ त्यसलाई पुन संरचना हामीले गर्नुपर्ने छ। यसै अहिलेकै अवस्थामा उपयोगी यो फलदायी देखिन सकेन। त्यसकारण पूनर्संरचना गर्नुपर्छ। फजुल खर्च रोक्नका लागि कतिपय भइरहेका संरचनाहरुलाई खारेज गर्ने, कतिपयलाई गाभ्ने, कतिपयलाई हस्तान्तरण गर्ने नीति हामीले ल्याएका छौं। यो फजुल खर्च रोक्न र अनावश्यक खर्च न्यून गर्नका लागि आवश्यक छ। र सार्वजनिक सेवालाई प्रभावकारी बनाउनका लागि face less सेवा र contract less सेवा paper less सेवा जस्ता कुराहरूमा जोड दिने यसतिर हाम्रो ध्यान गएको छ। र यस प्रक्रियालाई विस्तार गर्न नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरणको रुपमा विकास गर्ने र सम्भव भए सम्मका सबै सेवा अनलाइन गर्ने नीति अवलम्बन गरिएको नीति कार्यक्रममा प्रस्तुत गरिएको छ र यसपल्टको नीति कार्यक्रम उच्चस्तरिय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन सहित एक दर्जन प्रतिवेदनहरुको आधारमा तयार पारिएको छ। यसमा धेरै सुझावहरू समेटिएको छ विज्ञहरूका समितिहरू बनाएर ती समितिहरूका सुझावहरूलाई लिएर त्यस अनुसार तिनलाई यसमा समेटेर बनाइएको छ। प्रतिवेदनहरु आफैमा महत्वपूर्ण छन् र तिनले तिनको कार्यान्वयनले सुशासनमा महत्वपूर्ण भूमिका खेल्नेछन् भनेर नै यसमा सामेल गरिएको म विश्वास दिलाउन चाहन्छु। हामीले ऐनहरूमा केही परिवर्तन गर्नुपर्ने छ र त्यो ऐनहरू हामी यसको प्रभावकारी कार्यान्वयनका लागि यसमा वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी विधेयक, संघीय निजामती सेवा सम्बन्धी विधेयक, नेपाल प्रहरी सम्बन्धी र सशस्त्र बल नेपाल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेका विधेयकहरू, विद्यालय शिक्षा विधेयक, नेपाल हवाई सेवा प्रधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक, नेपाल नागरिक उडयन प्रधिकरण सम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न बनेका विधेयक आदि हामीले संशोधन गर्न जरुरी छ। र सरकारले राष्ट्रिय स्वाधीनता सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा नेपाली जनताको सर्वपरी हितलाई केन्द्रमा राखेर सुदृढ र सन्तुलित छिमेक सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्धलाई विकास गर्नेछ। यो पनि हाम्रो नीति कार्यक्रममा स्पष्ट छ ।

अध्यक्ष महोदय, माननीयज्यूहरूले नीति तथा कार्यक्रमका केही विषयहरूमा सुझाव र संशोधन प्रस्ताव राख्नुभएको छ। कतिपय पक्षमा अस्पष्ट रहेको कतिपय विषयमा दोहोरिएको तथा कतिपय विषय नसमेटिएको भनेर व्यक्त धारणालाई मेरा प्रस्तुतिले स्पष्ट पार्ने अपेक्षा गरेको छु। छलफलका क्रममा उठाइएका विषयहरू र प्रस्तुत गरिएका संशोधन प्रस्तावप्रति सरकारको ध्यानकर्षण भएको छ। प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको कार्यान्वयनमा माननीयज्यूहरूबाट प्राप्त सुझावहरूले सरकारलाई आफ्नो गन्तव्यमा हिड्न थप सहयोग पुग्ने पनि मैले विश्वास लिएको छु। माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूलाई उपलब्ध स्रोत साधनलाई

ध्यानमा राखेर सरकारले प्राथमिकीकरण गर्दै आगामी दिनमा क्रमश सम्बोधन गर्दै जाने नै छ। भन्ने कुरा विश्वास दिलाउन चाहन्छु। माननीय ज्युहरुलाई सबै क्षेत्र समेट्ने गरी सबै विषयहरू र नीति तथा कार्यक्रममा आइदिए हुन्थ्यो भने जस्तो लाग्नु स्वाभाविक पनि हो। तर यसपटकको नीति र कार्यक्रममा सबै क्षेत्रलाई समेटिएको त छ नै तर त्यसको संक्षिप्तकरण गरिएको छ त्यसमा पनि युवाहरूलाई स्टार्टअप अथवा उद्यमशीलतातर्फ लान खोजिएको छ। रोजगारीका अवसर सिर्जना गर्ने उद्यमशील बनाउने विद्यार्थीलाई पढाईसँगै सरकारी सेवाको ईन्टर्नसिपमा प्रवेशको ढोका खोल्ने नीति पनि लिएको मैले अघिनै बताईसके। जेन्जी पुस्ताका लागि विशेष स्थान र भूमिका दिएर ल्याइएको यो नीति तथा कार्यक्रम भएकाले यहाँहरुले यसको आकार र भाषामा परम्परा तोडिएको पाउनुहुनेछ। यो जेन्जी पुस्ता बढी केन्द्रित छ। विकास केन्द्रित छ र यो काम केन्द्रित छ। यसले सामाजिक सञ्जालका फेस अकाउन्टमा अल्मलिएका युवाहरूलाई पनि आफ्नो भविष्य निर्माणमा नयाँ जाँगर र ऊर्जा पैदा गर्न बाटो खोल्नेछ। यस नीति कार्यक्रमले भन्ने मैले विश्वास लिएको छु। नीति तथा कार्यक्रमले संक्षिप्त र सांकेतिक रुपमा सबै क्षेत्रलाई समेटेको छ। माननीयज्यूहरूले उठाएका विषयहरू विस्तृत विषयहरू त बजेटमा आउने नै छन्। त्यसैले बजेट वक्तव्यमा समावेश हुने प्रकृतिक कार्यक्रमहरू यसमा उल्लेख गरिएको छैन्। त्यो स्वाभाविक हो। सहकारीको विद्यमान समस्या समाधान गर्ने सम्बन्धमा पनि नीति र कार्यक्रम प्रष्ट छ। सहकारी नीति पुनरावलोकन गरेर नयाँ राष्ट्रिय नीति जारी गर्ने र राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत सहकारी क्षेत्रका समस्याहरू समाधान गरिने विषय नीति कार्यक्रममा उल्लेख छ। त्यसकारण यसमा कुनै अलमल छैन। समस्याग्रस्त सहकारीका साना बचतकर्तालाई तत्काल राहत उपलब्ध गराउन सरकारी नियमन प्राधिकरण मार्फत कोष स्थापना गरिने विषय पनि नीति तथा कार्यक्रममा समेटिएका छन्। धेरैको समस्या फेरी समाधान गरी पनि सकिएको छ। तर त्यो कुरा धेरै highlight किन गरिएको छैन भने नीति कार्यक्रममा यो पछाडितिर फर्केर विश्लेषण गर्ने भन्दा पनि अगाडितिर काम गर्ने भएको हुनाले अगाडि काम गर्ने कुराहरूनै हाम्रो जोड रहेको छ। वनको सन्दर्भमा वनलाई रोजगारी उत्पादन वन संरक्षण गर्ने र राष्ट्रिय पूँजी निर्माणको एउटा श्रोतको रुपमा प्रयोग गर्ने कुराहरू यसमा आएका छन। र वातावरणीय विकास र वातावरणलाई सन्तुलित ढङ्गले वनको प्रयोग गरिने छ भन्ने कुरा म स्पष्ट गर्न चाहन्छु। जलवायु परिवर्तनको सम्बन्धमा हामी यही आगामी जेठको २ , ३ र ४ गते सगरमाथा संवाद कार्यक्रम राख्दैछौं। त्यस मार्फत धेरै व्यापक र विस्तृत रूपमा सम्बोधन गरिनेछ। यसमा अन्तर्राष्ट्रिय स्तरकै seminar हामी आयोजना गर्दैछौं गोष्ठी। जसले नेपालको वन, जलस्रोत र हिमालहरूले विश्व तापमानलाई सन्तुलित बनाउन के योगदान गरेका छन् भन्ने चर्चा लगायत कार्बन उत्सर्जन गर्नका कारणबाट हामीलाई जुन क्षति पुगेको छ त्यसले निम्त्याउन सक्ने खतराप्रति सचेत गराइएको छ र यो यस आगामी सगरमाथा संवादले पनि त्यसमा

ध्यानाकर्षण गर्नेछ। नेपालले कार्बन उत्सर्जन गर्ने मुलुकबाट उचित क्षतिपूर्ति जलवायु वित्त र हरित वित्त प्राप्तिका लागि संवाद बहस र पैरवी गर्ने छ। mountain economy मा आधारित सगरमाथा संवादको अन्तर्राष्ट्रियकरण गरिनेछ भन्ने कुरा पनि म स्पष्ट पार्न चाहन्छु। भौतिक पूर्वाधार र पर्यटनको क्षेत्रमा परिणाम दिने कार्यक्रमका विषय यस नीति तथा कार्यक्रममा समेटिएका छन्। त्यसैगरी उच्च तथा दिगो आर्थिक वृद्धिका लागी भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीकर्तालाई प्रवर्धन गरिने र सुरुङ मार्ग, द्रुत मार्ग र over pass जस्ता आधुनिक प्रविधयुक्त पूर्वाधार निर्माणमा जोड दिईने विषयमा पनि उल्लेख गरिसके कै छ। यसकारण यस सरकारले सडकको तीव्र विस्तार विकास पूर्वाधारको आधार नीति लागु सडक पूर्वाधारमा एसियन मापदण्ड स्तरको राजमार्ग अरु राजमार्गहरू river corridor हरू आदि बनाएको छ र यसले सुरुङ मार्गको निर्माण लगायतका पूर्वाधार निर्माणमा आफुलाई केन्द्रित पनि गरेको छ। मैले अघि नै भनिसके थाल्ने भएका विकास आयोजना वर्षौं सम्म नसकिने विकृत स्थिति रहन हुदैन यो अव मान्य स्वीकार्य हुन सक्दैन र यसमा जसको दोष छ त्यसलाई छुट पनि हुदैन। यसले आयोजनामा सुनिश्चितता जग्गा अधिकरण, रुख कटान, अवरोध मुआब्जा, कानुनी मुद्दा जस्ता सवालमा अग्रसरता लिएर विकासको नीति र संस्कृतिको परिष्कृत परिमार्जन गर्दै अगाडि बढ्ने नीति लिएको छ। यस अघि मेरो नेतृत्वको सरकारले देशैभरी एक निर्वाचन क्षेत्र एक रणनितिक सडक प्रत्येक स्थानीय तहमा सुविधा सम्पन्न अस्पताल निर्माण उत्तर दक्षिण connectivity का लागि सडक विस्तार नदी किनारमा उत्तर दक्षिण लोक मार्गका आयोजनाहरू सुरु गरेको थियो। आज मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग र मध्य पहाडि लोक मार्ग निर्माणमा अभूतपूर्व काम भएका छन। विरोधका स्वरबीच पनि मुलुक सुरुङ मार्गको युगमा प्रवेश गरेकै छ। म सरकारमा आउँदा नारायणगढ बुटवल म सरकारमा आउदा यसपल्ट म सरकारमा आउँदा नारायणगढ बुटवल नबन्ने र सडक ठेक्का तोडनुपर्ने अवस्थामा थियो। निर्माण ठप्प थियो ।आज सो सडकको पूर्व र पश्चिम दुवै खण्डमा यसै समयमा ६२ प्रतिशत भन्दा बढि काम भइसकेको छ। ४१ ओटा सामान्य पुल र ७ ओटा मुख्य पुलहरूको निर्माण भएको छ र दाउन्ने खण्डमा वर्षा अगाडि नै नियमित आवतजावत हुनेगरी तीव्र गतिमा काम भएको छ र अलिक यतिबेला सास्ती भोग्नु परेको छ किन निर्माण भइरहेको छ त्यसकारण अलिकति सास्ती भोग्नु परेको छ यो छोटो अवधिका लागि हो। यो छोटो अवधि दुख कष्ट अलिकति सही दिन र सुविधाका दिन छोटो समय इन्ताजार गर्दिन त्यो पर्खिन म सबैलाई आग्रह गर्न चाहन्छु। लामो समयसम्म अन्योलमा रहेको बुटवल गोरुसिङ्गे चन्द्रौटा सडक निर्माणको ठेक्का सम्झौता पनि भइसकेको छ। अथवा यी कामहरूलाई अगाडि बढाउने सन्दर्भमा सरकारको नीति र कार्यक्रम माथि म यी सडकहरूको नाम किन लिइरख्याछु भने हामीले नीति बनाउदा तोकिएको समयमा

विकास निर्माणको कामहरू सकिनुपर्छ भनेका छौं र सक्ने प्रयास स्वरुप नै पोखरा मुग्लिन बाटोको खण्ड होस् कि मान्छेहरूले सराप्थे मात्रै गाली गर्थे अहिले बाटाका मान्छे सडक निर्माण हुँदैछ तर खुसी भएका छन् छिटै सडक तयार हुन्छ अहिले धुलो पनि त्यति उठ्दैन एकतर्फको सडक पहिले तयार गर्ने अर्को तर्फको बनाउने नयाँ नीति हामीले लिएका छौं र माननीयज्यूहरुले विभिन्न क्षेत्रमा सुधारका सम्बन्धमा उठाउनुभएका विषयहरूमा मैले औपचारिक अनौपचारिक विभिन्न फोरमहरुमा पनि बोल्दै आएको छु र यहाँ पनि भन्न चाहन्छु कि जुन सुधारका सम्बन्धमा विद्यालय सुधार होस् स्वास्थ्य क्षेत्रका सुधारहरू होस आदि सन्दर्भमा माननीय ज्यूहरूले उठाउनुभएको छ। त्यसमा मैले अघि नै चर्चा गरिसकेको छु। त्यसकारण धेरै यसमा चिन्ताको विषय होइन खुसीको विषय छ।नीति कार्यक्रमको सम्बन्धमा।पछाडि परेका वर्ग महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र विभिन्न समुदायहरू जसले आफूलाई तल परेको ठान्छ। उनीहरूको जीवनस्तरबाट समृद्धिको मापन गरिनुपर्छ। माथि उठेका अवसरको उपभोग गरिरहेका वर्गलाई आधार बनाएर होइन। सरकारको नीति कार्यक्रमले त्यसलाई यस नीतिलाई अँगालेको छ ।प्रस्तुत नीति तथा कार्यक्रम माथि माननीयहरूबाट प्राप्त संशोधन प्रस्तावहरूलाई मननयोग्य सुझावका रूपमा ग्रहण गर्दै धन्यवाद भन्न चाहन्छु। ती सुझावहरूलाई आगामी जेठ १५ गते यस सम्मानित समादन संयुक्त सदनमा प्रस्तुत हुने वार्षिक बजेट भक्तब्यमा समेटिने विश्वास पनि म माननीय ज्यूहरूलाई दिलाउन चहान्छु।र यो नयाँ ढङ्गले आएको र विकास सामाजिक न्याय समानता सुशासन र विकासमा केन्द्रित रहेको र अठोटयुक्त संकल्पयुक्त नीति कार्यक्रम उपयुक्त छ। यसकारण मैले विश्वास लिएको छु सबै माननीयज्यूहरूले यसमा पार्टी भनिरहनुपर्ने केही आवश्यकता छैन पक्ष विपक्ष भनिरहनु केहि आवश्यकता छैन ।यसलाई समर्थन गरिदिनुहुनेछ भन्ने विश्वास लिएको छु। सबैमा धेरै धेरै धन्यवाद।सम्माननीय सभामुखज्यूले मलाई उठेका प्रश्नहरूबारे स्पष्ट पार्ने मौका दिनु भएकोमा धेरै धेरै धन्यवाद ।

(१५:२५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय दिन्छु। उल्लिखित नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्नुहुने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, स्पष्टिकरणमा माग गर्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई २ मिनेटभित्र

उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य बामदेव गौतम ।

(१५:२६ बजे) <u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>:- सम्माननीय अध्यक्ष महोदय, मैले नीति कार्यक्रममा छलफलमा भाग लिँदाखेरि नै यो नीति कार्यक्रममा अत्यन्त गम्भीर रूपमा छुटेको भुलेको भनेर त म भन्दिन तर छुटेको एउटा विषय यो संविधान जारी भएको १० वर्ष भयो। यो संविधानको मूल मर्म नेपालमा लोकतान्त्रिक मूल्यमान्यता आधारित समाजवाद हो। लोकतान्त्रिक मूल्यमान्यता आधारित समाजवाद तुरुन्तै लागु गर्ने हो ।१० वर्ष हामी पछाडी परिसकेका छौ। त्यसभएर त्यो नीति कार्यक्रममा छैन र त्यसै गरेर उत्पादन, औद्योगिक उत्पादक, कृषि उत्पादक यो दुइटा क्षेत्रबाट मात्रै लोकतान्त्रिक मूल्यमान्यता आधारित समाजवाद अगाडि बढ्न सक्छ। त्यो विषय नीति कार्यक्रममा छुटेको हुनाले त्यसमा समावेश गर्नका निम्ति पनि अनुरोध गर्न चाहन्छु।

(१५: २७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य घनश्याम रिजाल।

(१५:२७ बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यूले नीति तथा कार्यक्रमको बारेमा यहाँ उत्तर दिदा खेरी कतिपय जात समुदायको नाम लिएर सकिदैन भनेर भन्नुभयो तर म सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु। दलित भन्ने शब्द छ त्यो उहाले दलित शब्दको पनि व्याख्या गर्नुभयो। राज्यबाट उत्पीडनमा परेको पछाडि परिएको र पछाडि परेको समुदायको स्तर उन्नतिका लागि अब यो नीति कार्यक्रममा केहि पनि छैन र म भन्न चाहन्छु राजनीतिक स्थिरता र दिगो शान्तिका लागि यो तल पछाडि पारिएको समुदायको उत्थानका लागि अब चाहिँने पछि बजेटमा त आउँछ भन्नुभयो तर यो भन्दा अगाडिको बजेटमा आएको दलित विकास प्राधिकरण पनि यो सरकारले त्यसलाई कार्यन्वयन नगरेको अवस्था छ। त्यसैले यसमा विश्वास गर्न नसकिने अवस्था छ। यसलाई चाहिँने स्पष्ट परिदिन हुन सम्माननीय प्रधानमन्त्री ज्यूलाई हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१५:२९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउँछु।

(१५:२९ बजे) **सम्माननीय प्रधानमन्त्री**:- सम्माननीय अध्यक्षज्यू, दुईटा प्रश्न आए दुईटै प्रश्न मैले एक त यो नीति कार्यक्रममा आफैं आइसकेका कुरा हुन् त्यसमाथि मैले पहिले उठेका प्रश्नहरूको सन्दर्भमा जवाफ दिँदा पनि आइसक्या प्रश्न हो। संविधानले समाजवाद उन्मुख अर्थतन्त्र भन्छ समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्दै अगाडि बढ्ने। अहिले मैले अर्थतन्त्र सम्बन्धी जुन प्रश्नहरु जुन प्रश्नहरूको कुरा गरे जसरी अर्थतन्त्रलाई अगाडि लाने कुरा गरे। नीति कार्यक्रममा परेको बाहेक मैले व्याख्या गरेकै अहिलेकै कुराहरुमा पनि जसरी अर्थतन्त्रलाई अगाडि बढाएर लिएर जाने कुरा गरे त्यसले समाजवाद उन्मुखै भन्ने देखाउछ दुनियाँमा दुईटा बाद छन्। एउटा मान्छे दुइटा चिज छन ..... एउटा मान्छे एउटा पुँजी एउटा मान्छेवाद अर्को पुँजीवाद मान्छेलाई केन्द्र बनाएर चल्ने व्यवस्था प्रणाली अर्थतन्त्र राजनीति कि पुँजीलाई केन्द्र मानेर चल्ने नीति राजनीति अर्थतन्त्र के चाहिँ हो भन्ने कुरामा हामीले समाजवाद भनेका छौं। र हामी समाजवाद तर्फ अगाडि जान्छौ समाजवाद उन्मुख हुनेछ हाम्रो अर्थनीति समाजवाद democratic system हो। समाजवादका चरित्रहरू गुणहरू लोकतान्त्रिक प्रणालीको हिसाबले मुलत: आइसक्या छन् तर अर्थतन्त्र आर्थिक अवस्था आर्थिक उन्नतिको हिसाबले र सामाजिक न्याय र समानताको व्यवहारिक कार्यान्वयनको हिसाबले समाजवाद उन्मुख हुँदै जाने त्यसलाई कार्यान्वयन गर्ने कुरा हो। अहिलेको स्थिति तत्काल समाजवाद लागु गर्ने अब हामीले कि त समाजवाद बुझेकै छैन भन्नुपर्यो। अहिले तत्काल समाजवाद भनेको के यतिबेरै समाजवाद लागु भइहाल्न सक्ने अवस्था छ? २०% प्रतिशत जनता निरपक्ष गरिबीको रेखा मुनि छन्। तिनिहरूको न्यूनतम आवश्यकताको परिपूर्तिको अवस्था पनि नबनाइकन तिनीहरूको आर्थिक उत्थान नगरिकन तिनीहरूलाई जीवन जिउने सम्मको स्थिति नबनाइकन यो फेरि कुनै जादु त हामीसँग छैन कि एकै चोटी गरिहालौ। त्यसकारण त्यो गराउने दिशातर्फ हामी अग्रसर भएका छौ। सामाजिक न्याय र समानता तर्फ अगाडी बढेका छौ। अब कसैलाई राजनीति गर्नु छ कुनै विषयमा त्यो बेग्लै कुरा हो। तर हामी त सम्पूर्ण जातजाति भाषा धर्म संस्कृति सबै क्षेत्र भूगोल सबै पेशा व्यवसायी सबैका जनता माथि उठ्नुपर्छ भन्दछौ। समानता भनेको ठ्याक्कै बराबर नहोला। आधारभूत आवश्यकता मैले भन्ने गरेको छु कि मानवीय र जैविक न्यायोचित आवश्यकताहरूको सहज आपूर्ति हुनुपर्दछ। फेरि दोहोर्‍याउंछु जैविक र मानवीय न्यायोचित या उचित आवश्यकताहरूको सहज आपूर्ति हुनुपर्दछ। सुरक्षित सम्मानित अधिकार सम्पन्न जीवन हरेकले जिउन पाउनुपर्दछ तब समाजवाद हुन्छ। समाजमा अहिले यथार्थ भन्दा सेन्टिमेन्ट पनि छ। काम भयो कि भएन समाज अगाडि बढ्यो कि बढेन भन्दापनि यो जात थर उल्लेख भयो कि भएनमा मान्छेको ध्यान जान्छ। सेन्टिमेन्टल कुरा छ त्यहाँ। यस्तोमा समाज छ। असमानता छँदैछ। गरिबीको अवस्था छँदैछ। हामी अल्पविकसितबाट LDC बाट अर्को वर्ष GRADUATE हुन अथवा त्यसबाट मास्तिर उक्लिन खोज्दैछौ अनि least developed country समाजवाद हुन्छ ? अब

माननीय प्रश्नकर्ता माननीयज्यू समाजवादकै बारेमा चिन्तन गरेर मनन गरेर दिमाग खेलाएर परिपक्क उमेरमा पुग्नुभएको मान्छे। मैले के भन्ने यस्तो अवस्थामा यतिबेला समाजमा तत्काल समाजवाद घोषणा गरेर हुने कुरा हो र? घोषणा गर्दा हुने भए म अस्ति चैत्र १५ गतेका वितण्डा गर्ने मान्छेहरूलाई यो वितण्डको नीति छोड भन्थे छोड्ने कुरै छैन त अस्ति एकजनाले भाषण गर्दा बाहिर भन्नुभयो। कि सम्झौता गरे हामीसँग होइन भने भाग्न तयार हो भनेर कहाँ जाने भागेर ? मैले अघि प्रतिनिधि सभामा भने तपाईंहरू त अलि ठिटै हुनुहुन्छ भाग्न कुदन सक्नुहोला हामी त अलि पाका भयौ ।भाग्ने ठाँउ पनि छैन, भाग्ने उमेर पनि छैन। कहाँ कता कुदने? हामी त त्यस्तो कुदन वर्न सक्दैनौं। जे परि आउँछ सामना गर्ने बाहेक हाम्रो त विकल्प छैन। सामना गर्ने हो। र फेरि राजतन्त्र हामीले नचिनेको नजानेको होइन। चिनेर जानेर देखेर भिँडेर भिडेर पन्जा लडाका मात्रै होइन धोबीपात लगाएर पछारेको हो। त्यसकारण हामीलाई राम्रैसँग थाहा छ। भाग्नेवाला होइन यो लोकतन्त्र भाग्दैन।फेरी एउटा सामन्तवाद सामन्तवादको एउटा फ्याकिएको जनताले उखेलेर फयालेको चिजलाई बोकेर जनतालाई भाग भन्ने कत्रो दुस्साहस जनताले भाग्ने अरे जनतालाई पो भाग्नुपर्ने भन्ने। त्यसकारण जनता भाग्ने होइन। दुनियामा जनता कहिले कहिँ भागेन। जनताले अरुलाई भगायो। अराजकता यस्तो छ समाजमा घोषणा गरेर समाजवाद होला ? यो अराजकता नियन्त्रण गर्नु पर्देन हामीले ? सामाजिक सञ्जाल यस्तो छ।अहिले त्यो १५ गतेको घटनाको मैले अघि प्रतिनिधि सभामा भने कोही माईबाप भेटिदैन।को आयोजक ? उसले उसलाई भन्छ उसले उसलाई भन्छ सोध्यो भने म त पछि आईपुग्या भन्छ कोहि कोहि म त पहिलै आईपुग्या थिए हिडिहाल्या थिए भन्छ ।यो राजतन्त्रको प्रेत कस्तो रहेछ ? प्रेतैले फ्याक्या हो त त्यो ढुङ्गा प्रेतैले लाको हो त आगो कि कोही मान्छे पनि थियो।तसर्थ अहिले माननीय ज्यू म अत्यन्तै यहाँलाई आदरपूर्वक निवेदन गर्न चाहान्छु।समाजवादतर्फ अगाडि बढने नै हो तर समाजमा घोषणा गर्ने बेला भको अलि छैन।त्यस दिशामा अगाडि बढने हो। अनेस्टली।

दोस्रो प्रश्न थियो अलि सेन्टिमेन्टल दलितको नाम म धेरै पल्ट माननीय ज्यूको सन्तोषका लागि लिन चाहन्छु। धेरै पल्ट सहस्त्र पल्ट दलितको नाम लिन चाहन्छु। दलित पहिले उपेक्षित भए अबको लोकतन्त्रमा दलित उपेक्षित हुन सक्दैन। सबैलाई समान अधिकारको प्रत्याभूति गरिन्छ माथि उठाइन्छ त्यसैकारण संविधानमा १६ देखि ४८ सम्म भाग ३ को धारा १६ देखि ४८ सम्म मौलिक हक भनेर व्यवस्था गरिएको छ। ४८ औं धारा कर्तव्य होला ४७ धारा हुनसक्छ ४८ धारा कर्तव्य होला ४७ औं कसरी कार्यान्वयन भन्ने होला। नत्र भने ३१ वटा धारा मौलिक अधिकारमा मौलिक हकमा केन्द्रित छ।३१ वटा धारा।ती धाराहरूले के भन्छन हो त्यही कार्यान्वयन गर्ने हामीले भनेका छौ।त्यही मौलिक हकमा कार्यान्वयन गर्ने अझै फेरी पल्टाएर हेर्नु होला।अब १२५ जातको जाम त्यहाँ

लखिएन भनेर चित्त दुखाउने भन्दा पनि त्यहाँ हेर्नुहोला। सबै समुदाय, सबै पेशा व्यवसाय सबै भूगोल यहाँ टिप्पणी गर्नेहरूले केहीले बडो सेन्टिमेन्टल ढंगले अटाएन नि तिनवटा अक्षरको एउटा दलित भन्ने शब्द अटाएन नि तपाईंको प्रोग्राममा हेप्ने बिर्सिने भनेर अलिकति पर्यो होला कि क्या हो भन्ने त्यस्तो होइन दलित न छुट्न सक्छ न केहि हुन सक्छ। त्यसकारण सबैको उत्थान राउटे, कुसुण्डा आदि इत्यादि अल्पसंख्यक समेत जो वास्तवमा voiceless छन् तिनको पनि आवाजको प्रतिनिधित्व तपाई हामीले गर्नुपर्दछ मैले गर्नुपर्दछ प्रधानमन्त्रीको हैसियतले र म गरिरहेको छु। जो थोरै सङ्ख्या छ उनीहरू आनदोलनको धाक पनि लाउन सक्दैनन्। उखेलदिन्छु, उलटाइदिन्छु, पलटाइदिन्छु, फ्यालदिन्छु आदि भन्न पनि सक्दैनन्। हो त्यसताले पनि बराबर अधिकार प्राप्त गर्नुपर्छ। बराबर अधिकार हाम्रो मान्यता त्यो हो। त्यो भन्दा बढी कति भन्ने। कालिदासले वुवा खोजे झै त्यसो नगरौ दलित शब्द पनि छ दलितको भाव पनि छ दलितको मर्म पनि छ र दलितबाट उकास्ने अभिभारा पनि त्यसमा छ नीति कार्यक्रममा त्यसकारण मेरो फेरी पनि आग्रह छ सम्पूर्ण माननीय ज्यूहरूलाई कि यो नीति कार्यक्रम विभेदकारी होइन विभेद विरोधी छ। समतामुलक छ समतामुखी छ त्यसो भएर यसलाई सबैले समर्थन गरौ भन्ने मेरो आग्रह छ। धन्यवाद ।

(१५:४१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, अव आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश भएको संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु। सर्वप्रथम, संशोधनकर्ता माननीय सदस्य जग प्रसाद शर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१५: ४२ बजे) <u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u> सम्माननीय अध्यक्षज्यू, मैले दुइटा विषयमा संशोधन राखेको थिएँ। एउटा संविधानको संशोधन तथा संविधानप्रतिको प्रतिवद्धताको कुरा जो छ। त्यसमा संविधानका चारवटा pillar संघीयता, गणतन्त्र, समावेशी समानुपातिक, धर्म निरपेक्षतालाई त्यहाँ उल्लेखित गरिनुपर्छ भन्ने थियो। त्यो सम्बोधन भएन त्यसकारण म फिर्ता लिन चाहन्न अर्को सहकारी जो समाजवाद को आधार निर्माण गर्ने एउटा महत्त्वपूर्ण आधार हो जसलाई बिकृत गरिएको छ बिचौलियाहरूद्वारा यसलाई व्यवस्थित गर्नका निम्ति नेपालमा सहकारी विश्वविद्यालयको concept अगाडि बढाइनु पर्छ यो नीति

कार्यक्रमले त्यलाई सम्बोधन गर्नु पर्छ भन्ने संशोधन हालेको थिए।यो सम्बोधन भएन त्यसकारण त्यसकारण म फिर्ता लिन चहान्न।सम्माननीय अध्यक्ष महोदय ।

(१५:४३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य जग प्रसाद शर्मले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- हुन्न

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य जग प्रसाद शर्मले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले “अस्वीकृत” भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब, संशोधनकर्ता माननीय सदस्य माया प्रसाद शर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१५: ४४ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः-** सम्माननीय अध्यक्ष महोदय, मैले पाँचवटा संशोधन राखेको थिएँ। यो पाठ्यक्रमसँग सम्बन्धित यो १२ कक्षा उत्तिर्णलाई रोजगारीको विषय विद्यालय विधेयकमा पाठ्यक्रमसँग सम्बन्धित प्रत्यायोजित विधायनसँग सम्बन्धित र ४६ सालदेखि यतातिरका उच्च ओहदामा रहने व्यक्तिहरूको सम्पत्ति छानबिनको कुरा रोजगारीसँग सम्बन्धित थियो।यो सम्बोधन भएन म फिर्ता लिन चाहन्न धन्यवाद।

(१५:४४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य माया प्रसाद शर्माले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य माया प्रसाद शर्माले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१५:४५ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, मैले अघि आफ्नो नीति तथा कार्यक्रममा आफ्नो धारणा राख्ने क्रममा पनि मैले धेरै विषयहरू चाहिँ राखेको थिएँ। मैले मुलत ११ वटा बुँदामा ११ वटा विषयमा चाहिँ संशोधन प्रस्ताव गरेको थिएँ। सम्माननीय प्रधानमन्त्रीज्यूले अहिले जवाफ दिने क्रममा पनि केही विषयहरू सम्बोधन हुन्छ कि भनेर आशा अपेक्षा र विश्वास गरेको थिएँ तर कुनै कुनै विषय चाहिँ सम्बोधन भएन। एउटा दोस्रो कुरा चाहिँ मैले विशेष गरेर फोकस गरेको चाहिँ दुई तिनटा महत्त्वपूर्ण विषय भनेको एउटा विगत सरकारले चाहिँ नीति कार्यक्रम ल्याउदाखेरि पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल कलेज सञ्चालन सम्बन्धी एउटा प्रस्ताव नीति कार्यक्रममा थियो। त्यो प्रस्ताव यहाँ सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो जवाफ दिने क्रममा सम्बोधन भएन विगत सरकारले चाहिँ ल्याएको नीति कार्यक्रम २१३ नम्बर बुँदामा दलित सम्बन्धी अधिकार सम्पन्न प्राधिकरण चाहिँ गठन गरिनेछ भन्ने प्रस्ताव थियो।त्यो प्रस्तावको पनि

सम्बोधन गर्ने कुरा भन्दा पनि सम्माननीयज्यूले चाहिँ विशेष गरेर पहाड नै त ल्याउनुपर्दैन नि त्यहाँ त जडीबुटी लिएर आउने हो नि भन्ने विषय व्यङ्ग्यात्मक तरिकाले भन्नुभयो। दलितहरु, महिला, मधेसी, मुस्लिम, आदिवासीहरू र पिछडिया क्षेत्रका मजदुर किसान चै पहाड हुने भइसकेपछि अब यस्तो तरिकाले कसरी देश अगाडि बढ्न सक्छ हामी त्यसको निम्ति लडेका थिएनौं र सबैको समान हकका निम्ति हामी लडेका थियौ त्यसकारणले गर्दा यी लगायत अरु थुप्रै विषय हुँदाहुँदै पनि मैले महत्वपूर्ण विषय हुने विषय राख्दै मेरो आफ्नो संसोधन कायम राख्ने रहने विषय जानकारी गराउन चाहन्छु ।हवस धन्यवाद।

(१५:४७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य गोपी बहादुर सार्की आछामीले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य गोपी बहादुर सार्की आछामीले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य झक्कु प्रसाद सुवेदीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु।

(१५:४८ बजे) **माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय मैले ५ ओटा बुँदामा संशोधन राखेको थिएँ।जसमध्ये एउटा मुख्य बुँदा यो १४७ सम्पत्ति शुद्धिकरण निवारणका लागि सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्यमा

वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना अनुसारका कार्य सम्पन्न गरी विक्रम सम्वत २०८३ साल भित्र सम्पति शुद्धिकरण निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्ने भन्ने थियो यस्मा थियो नीति तथा कार्यक्रममा यो २०८२ साल भित्र हुनुपर्छ भन्ने मेरो तर्क थियो मैले त्यहाँ तर्क पनि राखेको थिए ।यो लगायत मेरा ५ ओटा थिए।तर कुनै पनि सम्माननीय प्रधानमन्त्रीज्यूबाट यहाँ सम्बोधन नभएको हुनाले मैले म फिर्ता लिँदैन, मेरो संशोधन प्रस्ताव फिर्ता लिँदैन ।धन्यवाद।

(१५:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य झक्कु प्रसाद सुवेदीले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य झक्कु प्रसाद सुवेदीले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

(१५:५० बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष ज्यू, मैले नीति तथा कार्यक्रममा संशोधन हालेको विषय संविधानको पूर्ण कार्यान्वयन साथीसँग साथी सिक्दै सिकाउदै कार्यक्रम, राष्ट्रिय गौरवका आयोजनादेखि बाहेक अरुमा विचार गर्ने भन्ने विषय महिला उद्यमशीलता कोसेली घर, IT PARK स्थापना उच्च स्तरीय

सम्पत्ति छानबिन आयोग २०८२ भित्रै नेपाल ग्रे लिस्टबाट हटाउने प्रतिवद्धता र अधिकार सम्पन्न राष्ट्रिय दलित आयोग प्राधिकरण गठनसँग सम्बन्धित मेरो आफ्नै संशोधनहरू थिए, सम्माननीय प्रधानमन्त्रीज्यूको अहिलेको सम्बोधनमा कुनै पनि विषय नपरेकोले र भोलि budget मा विचार गरौला भन्ने उधारो कुरा आएकोले उधारो कुरालाई support गर्न सकिएन यसर्थ मेरो संशोधन प्रस्ताव फिर्ता नलिने अनुरोध गर्दछु। धन्यवाद।

(१५:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले आफ्नो संशोधन प्रस्ताव फिर्ता नलिन चाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य भुवन बहादुर सुनार लाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु।

(१५:५२ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, मैले मेरो संशोधन दुईओटा थियो। त्यसमा एउटा वर्षैपिच्छे यो जलवायु परिवर्तनका कारणले सबभन्दा मारमा परेको चाहिँ समुदाय छ त्यसको बारेमा अलि व्याख्या गरियोस् भनि मैले संशोधन राखेको थिएँ। तर त्यसप्रति कुनै व्यवस्था भएकोले गर्दा मैले मेरो संशोधन फिर्ता नलिने जानकारी गराउछु।त्यस्तै अर्को सबैभन्दा पहुंच नपुगेको समुदाय जहा चाहिँ खानेपानी पिउनेपानी नभएर काकाकुल अवस्थामा छन त्यहाँ पानी पुऱ्याउने विषयमा

अलि व्याख्या गरेर आओस भन्ने थियो। नीति तथा कार्यक्रममा केही नआएकोले गर्दा म मेरो संशोधन फिर्ता नलिने जानकारी गराउछु।हस्त धन्यवाद ।

(१५:५३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य भुवन बहादुर सुनारले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य भुवन बहादुर सुनारले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१५:५५ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, मैले पाँच छ वटा विषयमा संशोधन प्रस्ताव हालेको छु। तर त्यो संशोधन प्रस्ताव अत्यन्तै महत्वपूर्ण जो वर्ग समुदाय विगत लामो समयदेखि सयौं सयौं बर्षदेखि उत्पिडनमा पारिएको छ जबर्दस्त। त्यस्तो वर्ग समुदायले अधिकार दिने कुरा, त्यस्तो क्षेत्रले अधिकार दिने कुरा मैले उठाएको थिएँ। तर त्यो कुराको सम्बोधन भएन। अहिले सम्माननीय प्रधानमन्त्रीज्यूले समान विकासको धारणा राख्नुभो, समान अवसरको धारणा राख्नुभो साँच्चै समान अवसर र समान विकासले नेपालको पुस्तौंदेखि पछाडि पारिएको जबर्दस्त पछाडि पारिएको दलित महिला मुस्लिम थारु जनजाति लगायतको जाति र प्रर्णाली जस्तो सुदूरपश्चिम जस्तो क्षेत्र, मधेस जस्तो क्षेत्रको विकास कहिले हुन्छ ? समान अवसरले मात्रै पनि समुदायलाई पूर्ण विकासमा समानतामा ल्याउँछु भन्ने कुरा यो उधारो कुरा हो यो झुट कुरा। दलित

समुदायलाई विशेष अधिकार चहिन्छ थप अधिकार चहिन्छ। अवसर चहिन्छ। थप अवसर चहिन्छ। उच्च शिक्षा पढ्नुको निमित्त धनीको छोरा र एउटा दलितको छोरालाई ल पढ्न जा भनेर हुन्छ। दलितको छोरालाई निःशुल्क या छात्रवृति दिएर उसलाई चाहिँ त्यो अवसर प्राप्त गर्ने ठाउँमा पुर्याइदिनुपर्ने हुन्छ। त्यसो हुँदाखेरि नेपालको यो अवस्थालाई हेर्ने हो भने दलित community लाई दलित समुदायलाई विशेष अधिकारको व्यवस्था नगरीकन न दलित community त्यो समानतामा पुग्छ न चाहिँ समृद्धमा पुग्न सक्छ। यसो हुदा झुटको खेतिलाई मैले समर्थन गर्न सकिन त्यसो हुदाखेरी मेरो समर्थन फिर्ता नलिने जानकारी गराउँदछु। धन्यवाद।

(१५:५७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य रेनु चन्दलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु।

(१५:५७ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, जे मलाई छ पसन्द त्यही बात गर। मैले दिनलाई यदि रात भने रात भन भन्ने आसयले सम्माननीय प्रधानमन्त्रीज्यूले प्रस्तुति दिनुभयो। मैले दुईटा नीतिगत विषयमा आफ्नो संशोधन राखिएको थिए। सङ्घीयता धर्मनिरपेक्षता समावेशिता समानुपातिकता लगायतका संवैधानिक सबल पक्षबाट सत्ता गठबन्धन र सरकार पछि हट्दैन भन्ने नीतिगत स्पष्टता खोजेको

हो। त्यो स्पष्टता आएन। दोस्रो मेरो संशोधन सङ्क्रमणकालीन न्याय टिआरसी बारे पनि सरकारले आफ्नो योजना व्यक्त गरोस् र आफ्नो स्पष्ट नीतिगत धारणा प्रस्तुत गरोस् भन्ने मेरो संशोधन रहेको थियो। त्यसमा पनि स्पष्टता आएन मेरो संशोधनको सम्बोधन भएन त्यसैले म मेरो संशोधन फिर्ता नलिने जानकारी गराउँदछु। धन्यवाद।

(१५:५८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य रेनु चन्दले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- हुन्न

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य रेनु चन्दले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

(१५:५९ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):**- सम्माननीय अध्यक्ष महोदय, मैले यो १४७ सम्पत्ति शुद्धिकरण निवारणका लागि सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी वितरण निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना अनुसार कार्यसम्पन्न गर्न २०८३ को ठाउँमा मैले २०८२, एक वर्षभित्रै राष्ट्रलाई चाहिँ ग्रे लिस्ट ब्ल्याक लिस्ट केरे राम्रो बनाउन सकिन्छ भन्ने राज्यले सम्बोधन गर्ला भन्दै आशा लागेको थियो तर प्रधानमन्त्रीले त्यो सम्बन्धी त्यो छुनै चाहनु भएन त्यसैले सत्तापक्षका माननीयले पनि यो एकदम राम्रो पक्ष राष्ट्रको लागि सबै सफल हुन्छ राष्ट्र हामी सबै त्यो ग्रे लिस्ट ब्ल्याक लिस्टबाट अगाडि नै १ वर्षभित्र सम्पूर्ण राष्ट्रको सुचीमा यो अर्थमन्त्री पनि यहाँ आइपुग्नु भएको रहेछ। उहाहरूले पुरै चाहिँ तपाइको त्यो सम्बन्धीमा धारणा राख्नु होला

भन्ने आशा थियो। त्यो आशालाई झन निराशा बनाएको हुनाले यो म संशोधन चाहिँ मेरो संशोधन फिर्ता लिन चाहेन। धन्यवाद।

(१६:०० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य नर बहादुर विष्टले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य नर बहादुर विष्टले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य राधेश्याम पासवानलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य राधेश्याम पासवानले आफ्नो संशोधन प्रस्ताव फिर्ता नलिएकाले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य राधेश्याम पासवानले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य सुरेश कुमार आलेमगरलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०२ बजे) **मानननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)** :- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको नीति तथा कार्यक्रममा माथि मैले राखेको संशोधन प्रस्तावहरु सम्माननीय प्रधानमन्त्रीज्यूले स्वीकृत गर्नु भएन नै जवाफ र स्पष्टिकरण पनि झारा टार्ने प्रकारको , लटरपटर प्रकारको आल्टाल गर्ने प्रकारको थियो। त्यसमाथि उहाँको स्पष्टिकरण र सम्बोधनबाट सामन्ती व्राम्हण, पहाडीय अंहकारवादी, पुरुषवादी र धार्मिक कट्टरपन्थी दुर्गन्ध हवास्स आयो। त्यसैले सम्माननीय अध्यक्ष महोदयलाई मेरो संशोधन प्रस्ताव फिर्ता लिनका लागि समय उपलब्ध गराउनुभएकोमा हार्दिक आभार व्यक्त गर्दै तर मेरो संशोधन प्रस्ताव फिर्ता नलिने सगौरम घोषणा गर्दछु। धन्यवाद ।

(१६:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य सुरेश कुमार आलेमगरले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य सुरेश कुमार आलेमगरले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु। अब

संशोधनकर्ता माननीय सदस्य तारामान स्वाँरलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउदछु।

(१६:०४ बजे) **माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, मैले सातवटा बुँदामा संशोधन गरेको थिए राखेको थिए। तर सम्माननीय प्रधानमन्त्रीज्यूले सम्बोधनको क्रममा ती कुनै पनि बुँदाहरुमा स्पष्ट उल्लेख जवाफ नदिएकोले र यो मैले राखेको कुराहरुले कुन मोडलमा जाने भन्ने कुराहरु पनि थियो। विकासको ढाँचा परिवर्तन गर्ने तर त्यो ढाँचा कस्तो हुने ? त्यो उदारवादी विकासको मोडेल होकी समाजवादी विकासको मोडेल होकी मिश्रित र आश्रित र दिगो विकासको कुन मोडेल हो। त्यो स्पष्ट नभएको र त्यसको साथसाथै गति गति भन्नाले कुन क्षेत्रमा कति प्रगति गर्ने हो भन्ने कुराहरुको समेत जवाफ नआएको र नीति तथा कार्यक्रममा पनि उल्लेख नभएको कारणले र त्यस्तै अहिले अमेरिका जस्तो विकसित र साम्राज्यवादी मुलुकले पनि देश राज्यको भूमिका बढाउँदै गइरहेको स्थितिमा हाम्रो जस्तो अल्पविकसित देशमा राज्यको भूमिकालाई कम गर्दै निजी क्षेत्रलाई प्राथमिकता दिनुको साथै निजीकरण धमाधम निजीकरण गर्ने जुन प्रक्रियाहरू चलेको छ। यसको सम्बन्धमा पनि ठोस जवाफ नआएको र सामाजिक सुरक्षाको आधारको सम्बन्धमा पनि अवधारणाको सम्बन्धमा पनि मैले संशोधन राखेको थिए। त्यस्तै कालोबजारी ऐनलाई कालोबजारलाई नियन्त्रण गर्ने ऐनलाई संशोधन गरेर त्यसमा जति पनि कमाउन सक्ने छुट दिने र फेरि अर्कोतिर नीति तथा कार्यक्रममा कालोबजार नियन्त्रण गर्ने प्रतिबद्धता जुन सरकारको नीति तथा कार्यक्रममा आएको छ यो कुन ऐनको प्रयोग गरेर कुन संयन्त्रद्वारा कसरी कालोबजार नियन्त्रण हुनसक्छ भन्ने कुराहरु मैले मेरो संशोधनमा राखेको थिए। तर यी कुनै पनि विषयमा स्पष्ट जवाफ नआएकोले मैले आफ्नो संशोधन फिर्ता नलिन चाहने जानकारी गराउदछु। धन्यवाद ।

(१६:०६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य तारामान स्वाँरले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य तारामान स्वाँरले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य गंगा कुमारी बेलबासेलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु।

(१६:०७ बजे) <u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, सरकारी भन्दा उधोगधन्दा खोल्ने भन्दा सरकारी संस्थानहरूलाई बेच्ने यो सरकार उद्वत छ। महिला दलित बालबालिकाहरूको कार्यक्रम ल्याएको छैन नीति कार्यक्रममा त्यसो गर्दाखेरि देशको अधिकांश जनसङ्ख्यालाई सम्बोधन गर्न नसक्ने कार्य नीति कार्यक्रमले संविधानमा उन्मुख समाजवाद उन्मुख जो हामीले व्यवस्था गरेका छौं ।त्यो दिशामा जान नसक्ने नीतिकार्यक्रम रहेको छ।पहाडबाट बाँदर, शिक्षा, स्वास्थ्य र रोजगारीका कारणले मान्छेहरू विस्थापित छन्।पहाड र हिमालमा कसरी मानिसहरूलाई बसाउन सकिन्छ र उद्योगधन्दालाई अगाडि बढाउन सकिन्छ भन्ने कुराहरुलाई यो सरकारले कुनै सम्बोधन गर्न सकेको छैन यो नीति कार्यक्रमले सम्बोधन गर्न सकेको छैन र मैले राष्ट्रपति र प्रधानमन्त्रीसँग नाम जोडिएका विभिन्न कार्यक्रमहरू हटाउँदै गर्दा पनि अभिभावक नभएका ती बालबालिकाहरूको अभिभावक राष्ट्रपति हुनुपर्छ र आवासीय शिक्षा दिनुपर्छ आवासीय विद्यालयहरू खोल्नुपर्छ र राष्ट्रपतिको संरक्षकत्वमा त्यस्ता अनाथहरूको शिक्षा दिक्षा र त्यसको विकासको लागि पहल लिनुपर्छ सरकारले त्यो सरकार त्यसको अभिभावक हुनुपर्छ भनेर मैले विषय राखेको थिए। त्यो ढंगले सम्बोधन गर्ने त कुरै छैन फरक ढङ्गले त्यस्ता विषयहरूलाई अझ व्यङ्ग्य गर्ने प्रकारले प्रधानमन्त्रीले जवाफ दिनुभएको हुनाले यो नीति कार्यक्रमलाई समर्थन गर्न सकिदैन मेरो प्रस्ताव कायम रहन्छ।हस् धन्यवाद ।

(१६:०९ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य गंगा कुमारी बेलबासेले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य गंगा कुमारी बेलबासेले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

अब, संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु।

माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले आफ्नो संशोधन प्रस्ताव फिर्ता नलिएकाले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न'

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेश गर्नु भएको संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब  सम्मानननीय राष्ट्रपतिबाट सम्वत् २०८२ वैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम "बहुमतले" पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब, माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई "आ.व. २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव वाहेक) छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलव्ध गराउँछु।

(१६:१३ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेल</u>:- सम्मानननीय अध्यक्ष महोदय, यो आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐन, २०७६को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता म यस सम्मानित सदन समक्षमा प्रस्तुत गर्ने अनुमति चाहन्छु। संक्षिप्तमा म के राख्न चहान्छु भने नेपाली जनताको भलिदान पुर्ण संघर्षबाट राजतन्त्रको अन्त्य भए पश्चात् संविधानसभाबाट नेपालको संविधान जारी भएको र संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको एक दशक बितेको छ। यस अवधिमा आर्थिक सामाजिक रूपान्तरण र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएका छन्।सिमित श्रोतको साधनको परिचालनबाट विकास सेवा प्रवाह र जनताको जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ। र अहिले पनि मुलुकलाई राजनीतिक अस्थिरताबाट जोगाउँदै नीतिमा निरन्तरता अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता हासिल गर्नुपर्ने अहिलेको आवश्यकता छ। यस परिस्थितिलाई हृदङ्गम गर्दै विकासको ढाँचा गति र संस्कृतिलाई बदल्नुपर्ने

आवश्यकता छ। र त्यसका लागि आर्थिक सुधार उद्यमशीलता उत्पादन रोजगारीका नयाँ नयाँ अवसरहरू सिर्जना गर्दै मानवीय र भौतिक विकासलाई तीव्रता दिनुपर्ने आवश्यकता छ।यस निम्ति हाम्रो सम्पूर्ण श्रोत साधन र सामर्थ्यलाई परिचालन गर्नुपर्ने आवश्यकता छ।

सम्माननीय अध्यक्ष महोदय, हामी चाहिँ वास्तवमा उद्यमशीलता प्रवर्धन आधुनिक प्रविधिको प्रयोगबाट उत्पादन उत्पादकत्तर रोजगारीको अवसरहरू वृद्धि गर्दै सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न विकास समृद्धि र सामाजिक न्यायको राष्ट्रिय अभिवासाहार पूरा गर्न र लोकतान्त्रिक मूल्यमामा आधारित समाजवाद तर्फ तिब्र वेगका साथ अगाडि बढ्नुपर्ने आवश्यकता छ ।यही आवश्यकता बोधको साथमा मैले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका २०८२ विनियोजन विधेयक २०८२ को सिद्धान्त र प्राथमिकता यस प्रस्तुत गर्न चाहेको छु।अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधिका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव) बाहेक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु।धन्यवाद।

(१६:१६ बजे) <u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव वाहेक) माथि यही मिति २०८२ साल वैशाख ३० र ३१ गते राष्ट्रिय सभाको बैठकमा छलफल हुने र कुरा म जानकारी गराउँछु।

माननीय सदस्यहरू, आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव वाहेक)को छलफलमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा मात्र केन्द्रित भई छलफल हुने र छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुको नाम दलीय प्रतिनिधित्वको आधारमा छलफल हुने दिनभन्दा एकदिन अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराई दिनुहुन जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब पूर्व मन्त्री एवं राष्ट्रिय सभा र प्रतिनिधि सभाका पूर्व सदस्य प्रदिप नेपालको निधनप्रति शोक प्रस्ताव प्रस्तुत गर्दछुः

“पूर्व मन्त्री एवं राष्ट्रिय सभा र प्रतिनिधि सभाका पूर्व सदस्य प्रदिप नेपालको ७१ वर्षको उमेरमा मिति २०८२ साल वैशाख २३ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय नेपाल नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट २०५० सालमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित, २०५६ सालमा काठमाडौं जिल्ला क्षेत्र नं. १ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुनु भएको र तीन पटक मन्त्री रहनु भएको थियो।

यो बैठक स्वर्गीय नेपालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब पूर्व मन्त्री एवं राष्ट्रिय सभा र प्रतिनिधि सभाका पूर्व सदस्य प्रदिप नेपालको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं।

**मौनधारण सुरू**

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल वैशाख ३० गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

**स्थगित:१६:२० बजे।**